# आकाशवाणी समाचार- नेपाली

मितिः १२ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले रोल्स-रोयसका प्रमुख कार्यकारी अधिकारी तुफान एर्गिनबिलगिकसँग भेट गर्नु भयो।

- वित्तमन्त्री निर्मला सीतारमणले रोजगारी सिर्जना र वृद्धिलाई तीव्र बनाउन श्रम-प्रधान क्षेत्रहरूमा विशेष ध्यान केन्द्रित गर्दै सरकारले देशमा बलियो पूर्वाधार निर्माणलाई प्रवर्द्धन गरिरहेको बताउनु भयो।

- राष्ट्रिय उत्पादकता परिषद् एनपीसी - ले आजदेखि राष्ट्रिय उत्पादकता सप्ताहको सुरुवात गर्दै आफ्नो ६८ औं स्थापना दिवस मनाउनेछ।

- वस्त्र उद्योगले भारत र अमेरिका बीचको अन्तरिम व्यापार सम्झौताको स्वागत गरेको छ।

- आइसीसी पुरुष टी-२० क्रिकेट विश्वकपमा हिजो राति मुम्बईको वानखेडे स्टेडियममा भएको म्याचमा वेस्ट इन्डिजले इङ्ल्यान्डलाई ३० रनले पराजित गर्‍यो।

**<u>पीएम – रोल्स रोयस</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले रोल्स-रोयसका प्रमुख कार्यकारी अधिकारी तुफान एर्गिनबिलगिकसँग भेट गर्नु भयो। सामाजिक सञ्जालमा पोस्टमा श्री मोदीले भन्नु भयो, भारतमा आफ्नो सञ्चालन विस्तार गर्न र देशका नवीन र ऊर्जावान युवाहरूसँग साझेदारी गर्न रोल्स-रोयसको उत्सुकतालाई भारत स्वागत गर्दछ।

**<u>निर्मला सितारमण- लोकसभा</u>**

वित्तमन्त्री निर्मला सीतारमणले रोजगारी सिर्जना र वृद्धिलाई तीव्र बनाउन श्रम-प्रधान क्षेत्रहरूमा विशेष ध्यान केन्द्रित गर्दै सरकारले देशमा बलियो पूर्वाधार निर्माणलाई प्रवर्द्धन गरिरहेको बताउनु भयो। हिज लोकसभामा केन्द्रीय बजेटमाथिको छलफलको जवाफ दिनु हुँदै वित्तमन्त्रीले यस वर्षको बजेटले सार्वजनिक पूँजीगत व्यायका लागि १२ लाख करोडभन्दा बढी विनियोजन गरेको बताउनु भयो, जुन कुल घरेलु उत्पादनको ३.१ प्रतिशत र २०२५-२६ को संशोधित अनुमानभन्दा ११.५ प्रतिशत बढी हो। उहाँले देशको पूर्वाधारलाई सुदृढ पार्न कोष खर्च गरिने कुरामा जोड दिनु भयो। बजेटले रोजगारी सिर्जनालाई सम्बोधन नगरेको विपक्षीको आरोपलाई खण्डन गर्नु हुँदै वित्तमन्त्रीले देशमा पाँच क्षेत्रीय चिकित्सा केन्द्रहरूले चिकित्सा पर्यटनलाई प्रवर्द्धन गर्ने बताउनु भयो। उहाँले आगामी वर्षहरूमा एनिमेसन, दृश्य प्रभाव, गेमिङ र कमिक्स क्षेत्रहरूले पनि देशमा रोजगारीका अवसरहरू सिर्जना गर्ने बताउनु भयो।

BYTE

उहाँले राज्यहरूमा कर स्थानान्तरणमा कमी आएको विपक्षीको आरोपलाई पनि खारेज गर्नु हुँगै यस वर्ष राज्यहरूमा २५ लाख करोडभन्दा बढी हस्तान्तरण गरिने बताउनु भयो। उहाँले भन्नु भयो, सरकारले विभाजित कोषको ४१ प्रतिशत राज्यहरूलाई हस्तान्तरण गरेको छ र कुनै पनि राज्यको हिस्सा घटाइएको छैन। ऋण प्रवाहको सन्दर्भमा, वित्तमन्त्रीले भन्नु भयो, एम.एस.एम.ई. लगायत उद्योगहरूको लागि कोषको कुनै कमी छैन। उपकर र अधिभारको सङ्कलनको सन्दर्भमा, उहाँले यी केन्द्रले स्वास्थ्य उपकर, शिक्षा उपकर र सडक उपकर जस्ता विशिष्ट उद्देश्यका लागि सङ्कलन गर्ने कुरो दोहोर्याउनु भयो। वित्तमन्त्रीले सङ्कलित कोष राज्यहरूले खर्च गरिरहेको बताउनु भयो। उहाँले भन्नु भयो, मोदी सरकारले देशको हितमा काम गरिरहेको छ। उहाँले

कांग्रेसलाई आफ्नो कार्यकालमा किसानहरूको हितमा सम्झौता गरेको र विश्व व्यापार संगठनमा आत्मसमर्पण गरेको आरोप लगाउनु भयो। उहाँले शर्म अल-शेखमा गरिएको संयुक्त वक्तव्यलाई पनि उल्लेख गर्नु भयो, जसले अघिल्लो सरकारले पाकिस्तानसँगको सम्बन्धमा सार्वभौमिकता र सुरक्षामा भारतको स्थिति कमजोर बनाएको आरोप लगाएको थियो।

**एनपीसी सप्ताह-वाणिज्य मंत्रालय**

राष्ट्रिय उत्पादकता परिषद् एनपीसी - ले आजदेखि राष्ट्रिय उत्पादकता सप्ताहको सुरुवात गर्दै आफ्नो ६८ औं स्थापना दिवस मनाउनेछ। यो सप्ताह यस महिनाको १८ तारिखमा देशभर मनाइनेछ। यस वर्ष, हप्ताको विषयवस्तु "बृद्धिको इन्जिनको रूपमा समूहहरू: सूक्ष्म, साना र मझौला उद्यमहरूमा उत्पादकत्व अधिकतम बनाउने" हो। मन्त्रालयले यो विषयवस्तु वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलद्वारा एमएसएमईलाई सुदृढ पार्ने, उत्पादन प्रतिस्पर्धात्मकता बढाउने र दिगो औद्योगिकीकरणलाई प्रवर्द्धन गर्ने जोडको अनुरूप रहेको बताएको छ । सप्ताहको अवधिमा, बेंगलुरु, भुवनेश्वर, चण्डीगढ, चेन्नई, गान्धीनगर, गुवाहाटी र हैदराबाद लगायत देशभर धेरै कार्यक्रम, सेमिनार र कार्यशालाहरू आयोजना गरिनेछ। चौबीस स्थानीय उत्पादकता परिषद्हरू, भारत सरकारका सम्बन्धित मन्त्रालयहरू, राज्य सरकारहरू, उद्योग संघहरू र शैक्षिक संस्थाहरूले संयुक्त रूपमा जनचेतना र आउटरिच कार्यक्रमहरू आयोजना गर्नेछन्।

**बन्दे मातारम**

सरकारले भारतको राष्ट्रिय गीत, वन्दे मातरम्, पालना गर्ने सम्बन्धमा विस्तृत निर्देशिका जारी गरेको छ। यसमा भनिएको छ, जब पनि राष्ट्रिय गीत र राष्ट्रिय गान एकसाथ गाइन्छ, राष्ट्रिय गीतको पहिलो छ अनुच्छेद गाउनुपर्छ। केन्द्रीय गृह मन्त्रालयका अनुसार, राष्ट्रपतिको आगमन, राष्ट्रिय झण्डा फहराउने र राज्यपालहरूले सम्बोधन गर्ने जस्ता प्रमुख राज्य अवसरहरूमा राष्ट्रिय गीतको पूरा छ अनुच्छेद गाउनु वा बजाउनु अनिवार्य हुनेछ। यी निर्देशिकाहरू अनुसार, नागरिक सम्मान समारोह, राष्ट्रपति र राज्यपालहरूको आगमन र प्रस्थान, राज्य समारोहहरू र अन्य सरकारी-व्यवस्थित समारोहहरूमा राष्ट्रिय गानको आधिकारिक संस्करण बजाइनेछ। रेडियो र टेलिभिजनमा राष्ट्रपतिले राष्ट्रलाई सम्बोधन गर्नुभन्दा पहिले र पछि र परेडहरूमा राष्ट्रिय झण्डा बोक्ने क्रममा पनि राष्ट्रिय गान बजाइनेछ। मन्त्रालयले थप भन्यो कि राष्ट्रिय गान गाइने जमघटहरूमा उपस्थित व्यक्तिहरू ध्यान केन्द्रित गरेर उभिन आवश्यक हुनेछ।

**जी किशन रेड्डी**

केन्द्रीय मन्त्री जी. किशन रेड्डीले पर्याप्त योजना र कोष बिना नै नयाँ नगर निगमहरूको गठनको घोषणा गरेकोमा कांग्रेस सरकारको आलोचना गर्नु भयो। हिज हैदराबादस्थित भाजपा कार्यालयमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै उहाँले यो निर्णयले निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्ने र विकसित भारत - जी राम जी योजना जस्ता विभिन्न केन्द्रीय सरकारका योजनाहरूको लाभबाट गाउँलेहरूलाई वञ्चित गर्ने बताउनु भयो। श्री रेड्डीले कांग्रेस सरकारले नगर निगम चुनावको समयमा शक्तिको दुरुपयोग र पैसा बाँडफाँड गरेको आरोप लगाउनु भयो। उहाँले नगर निगम चुनावमा पार्टीको प्रदर्शनप्रति सन्तुष्टि व्यक्त गर्नु भयो। सम्मेलनमा भाजपा प्रदेश अध्यक्ष सी. रामचन्द्र राव र अन्य नेताहरू उपस्थित थिए।

**भारत-अमेरिका व्यापार - वस्त्र उद्योग**

वस्त्र उद्योगले भारत र अमेरिका बीचको अन्तरिम व्यापार सम्झौताको स्वागत गरेको छ। आलोक इन्डस्ट्रिज लिमिटेडका निर्देशक तथा रिलायन्स इन्डस्ट्रिज लिमिटेडका अध्यक्ष अनिल राजवंशीले यो सम्झौताले भारत र संयुक्त राज्य अमेरिका बीचको व्यापार बढाउने बताए। श्री राजवंशीले यो सम्झौताले कपडा उद्योगका ४ करोड ५० लाखभन्दा बढी मानिसहरूलाई लाभ पुग्ने बताउनु भएको छ। उहाँले यो सम्झौताले रोजगारी सिर्जना गर्ने र उत्पादन बढाउने बताउनु भएको छ।

BYTE

**औद्योगिक संहिता विधेयक**

औद्योगिक सम्बन्ध संहिता २०२० ले प्रतिस्थापन गरेका केही कानूनहरूको निरन्तरता सम्बन्धी भविष्यमा कुनै पनि अनावश्यक जटिलताहरूबाट बच्नको लागि हिजो लोकसभामा संशोधन विधेयक पेश गरिएको थियो। शून्य कालको समयमा केन्द्रीय श्रम तथा रोजगार मन्त्री मनसुख मांडवीयले औद्योगिक सम्बन्ध संहिता (संशोधन) विधेयक २०२६ पेश गर्नु भएको थियो। विधेयकको उद्देश्य र कारणहरूको कथन अनुसार, औद्योगिक सम्बन्ध संहिता, २०२० ले ट्रेड युनियन ऐन, १९२६, औद्योगिक रोजगार (स्थायी आदेश) ऐन, १९४६ र औद्योगिक विवाद ऐन, १९४७ लाई प्रतिस्थापन गर्दछ, जसले ट्रेड युनियन, औद्योगिक रोजगार र औद्योगिक विवादहरूसँग सम्बन्धित छ।

**केरल- निर्वाचन अधिकारी**

आगामी विधानसभा चुनाव अघि विशेष गहन पुनरीक्षण (SIR) को प्रगतिको समीक्षा गर्न केरलाका मुख्य निर्वाचन अधिकारी रतन यू. केलकरले मुन्नारमा रहेको राज्यको पहिलो आदिवासी पञ्चायत एडामलक्कुडीको भ्रमण गर्नु भयो। श्री केलकरले आदिवासी क्षेत्रमा SIR प्रक्रिया १४ फरवरीसम्ममा पूरा हुने र अन्तिम मतदाता सूची २१ फरवरीमा प्रकाशित हुने बताउनु भयो। उहाँले भन्नु भयो, सूचीमा आफ्नो नाम थप्न वा कुनै सुधार गर्न चाहने मतदाताहरूले बुथ लेभल अफिसर (BLO) वा निर्वाचन दर्ता अधिकारी (ERO) लाई सम्पर्क गर्न सक्छन्। विधानसभा चुनावको लागि मनोनयन पत्र दाखिल गर्ने अन्तिम मिति भन्दा एक दिन अघिसम्म सूचीमा नाम थप्न सकिन्छ। श्री केलकरले थप भन्नु भयो, राज्यभरका ६४ विधानसभा निर्वाचन क्षेत्रमा SIR सुनुवाइ प्रक्रिया पहिले नै पूरा भइसकेको छ।

**क्रिकेट**

आइसीसी पुरुष टी-२० क्रिकेट विश्वकपमा हिजो राति मुम्बईको वानखेडे स्टेडियममा भएको म्याचमा वेस्ट इन्डिजले इङ्ल्यान्डलाई ३० रनले पराजित गऱ्यो। पहिले ब्याटिङ गर्दै वेस्ट इन्डिजले शेर्फेन रुदरफोर्डको अविजित ७६ रनको मद्दतले २० ओभरमा ६ विकेट गुमाएर १९६ रन बनायो। जवाफमा इङ्ल्यान्ड १९ ओभरमा १६६ रनमा अलआउट भयो। वेस्ट इन्डिजका लागि गुडाकेश मोतीले तीन विकेट लिए।